# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission of Nepal**
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)


## प्रेस नोट

२५ मङ्सिर, २०७७

### मानव अधिकार सम्मान तथा पुरस्कारको घोषणा

राष्ट्रिय मानव अधिकार आयोगबाट प्रदान गरिँदै आएको "दयाराम स्मृति मानव अधिकार सम्मान" यस वर्ष मानव अधिकारकर्मी तथा अभियन्ता डा. रेणु अधिकारी र "मानव अधिकार पुरस्कार" पत्रकार तथा मानव अधिकारकर्मी श्री झलक गैरेलाई प्रदान गरिने निर्णय गरिएको छ । आयोगले अन्तर्राष्ट्रिय मानव अधिकार दिवसको सन्दर्भमा मानव अधिकार सम्मान तथा पुरस्कारको घोषणा गरेको हो ।

सम्मानित हुने डा. रेणु अधिकारी महिला मानव अधिकार रक्षक सञ्जाल (ओरेक) नेपालका संस्थापक तथा लैङ्गिक समानता, लैङ्गिक न्याय र महिला हिंसाको न्यूनीकरणको अभियानमा विगत तीन दशकदेखि निरन्तर कार्य गर्दै आउनुभएको छ। पुरस्कृत हुने अर्का व्यक्ति श्री झलक गैरे नेपालगञ्जस्थित नेपालगञ्ज दैनिकको प्रधान सम्पादक, रेडियो भेरी आवाजका स्टेशन प्रमुख, नेपाल पत्रकार महासंघको पूर्व केन्द्रीय सदस्य/प्रदेश संयोजक हुनुहुन्छ । श्री गैरेले पत्रकारिताको माध्यमबाट मानव अधिकारको संरक्षण र सम्वर्द्धनमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आउनुभएको छ ।

मानव अधिकारको क्षेत्रमा उहाँहरुले पुऱ्याउनुभएको योगदानलाई उच्च सम्मानका साथ आगामि दिनमा समेत मानव अधिकारको क्षेत्रमा थप योगदान पुऱ्याउनुहुनेछ भन्ने विश्वास राख्दै आयोग सम्मानित मानव अधिकार रक्षकद्वय डा. रेणु अधिकारी र श्री झलक गैरेलाई हार्दिक शुभकामना व्यक्त गर्दछ ।

डा. टीकाराम पोखरेल
प्रवक्ता
(सहसचिव)


फोन नं. ००९७७-१-५०१००१५, फयाक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5547973, G.P.O. Box: 9181, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org